११०८) ६२१

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ६४/२०७१/०७२

निर्णय नं. ७२१

फ्रिडम फोरम, थापाथलीका श्री नोदनाथ त्रिताल.............................................................१ पुनरावेदक

विरूद्ध

प्रमुख जिल्ला अधिकारी (कार्यालय प्रमुख), जिल्ला प्रशासन कार्यालय, सुनसरी ........................१ विपक्षी
सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, सुनसरी ....................................................१

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथलीका श्री नोदनाथ त्रितालले जिल्ला प्रशासन कार्यालय, सुनसरी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।१९, २०७१।१०।०५, २०७१।१५।२३ र २०७१।०६।१४ मा पुनरावेदन गरेको । सो सम्बन्धमा आयोगबाट मिति २०७१।०९।०१ र २०७२।०५।२१ मा आदेश भई मिति २०७१।०९।०१ च.नं ६८४ पु.च.नं. ३५१ र मिति २०७२।०५।२५ च.नं. १४२ को पत्रद्वारा आदेश कार्यान्वयन सम्बन्धमा लेखी गएको । तत् पश्चात उक्त जिल्ला प्रशासन कार्यालय, सुनसरीको मिति २०७२।०६।२८, च.नं. ७५४ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगलाई प्रेषित गरी पुनरावेदकलाई बोधार्थद्वारा जानकारी गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल चैत्र ११ गते रोज ५ शुभम् ।